केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०४/०७१/७२ मितिः २०७१/०४/३०

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७१ को इ.प्रा. निर्देशन नं. २२ को बुँदा नं. ५ को उपबुँदा नं. ३ लाई देहाय बमोजिम संशोधन गरी निर्देशन जारी गरिएको छ :

*"(३) मिति २०७१ आषाढ मसान्तभित्र समेत तोकिएको न्यूनतम चुक्ता पूँजी पूरा नगर्ने बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको कारवाही हुने छ :*

*(क) नगद लाभांश वितरण गर्न रोक लगाउने,*

*(ख) शाखा विस्तार गर्न रोक लगाउने,*

*(ग) २०७१ भदौ मसान्तमा कायम रहने निक्षेपमा ५ प्रतिशत भन्दा बढी हुने गरी निक्षेप संकलन गर्न रोक लगाउने र*

*(घ) २०७१ भदौ मसान्तमा कायम रहने कुल कर्जा भन्दा बढी हुने गरी कर्जा प्रवाह गर्न रोक लगाउने।"*

(२) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. १७ को बुँदा नं. ३ को खण्ड (क), (ग) र (ज) लाई देहाय बमोजिम संशोधन गरी निर्देशन जारी गरिएको छ :

*(क) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रतिसमूह सदस्य/व्यक्तिलाई सामूहिक/ व्यक्तिगत जमानतमा प्रदान गरेको बढीमा एक लाख रुपैयाँसम्मको लघु कर्जा। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्य/व्यक्तिको हकमा यस्तो सीमा दुई लाख रुपैया कायम गरिएको।*

*(ग) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि स्वीकारयोग्य धितो/सामूहिक जमानीमा समूह सदस्यलाई प्रतिव्यवसाय तीन लाख रुपैयाँमा नबढ्ने गरी उपलब्ध गराएको लघु उद्यम कर्जा। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा यस्तो सीमा पाँच लाख रुपैया कायम गरिएको।*

*(ज) महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. ४ लाखसम्मको कर्जा। साथै, महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट सम्बन्धित परियोजनाको धितोमा प्रवाह भएको रु. ७ लाखसम्मको परियोजना कर्जा।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*यसरी कर्जा प्रवाह गर्दा प्रचलित कानूनको अधिनमा रही परियोजनाको धितोमा प्रवाह गर्नुपर्ने छ र निक्षेप तथा कर्जा सुरक्षण निगमबाट अनिवार्य रुपमा सुरक्षण गर्ने गराउने व्यवस्था समेत मिलाई प्रवाह गर्नु पर्नेछ ।*

भवदीय,

(वासुदेव अधिकारी)
का.मु.कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं ।